# विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल बैशाख ०२ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** विहादी गाउँपालिकाको सूचना नं. ५५, मिति २०८२।१०।२१ को सूचनाबाट विहादी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) र गाउँपालिकाको पालिका गान निर्माण गरि कार्यालयमा पेश गर्ने सूचना बमोजिम निर्धारित समयभित्र आफ्नो कला तथा रचना पेश गर्ने डिजाईनरहरुले पेश गरेको गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) तथा लोगोको ब्याख्याको मुल्यांकन गरि विहादी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) र पालिका गान मुल्यांकन तथा सिफारिस समितिको मिति २०८२।१२।२१ गतेको निर्णयबाट स्वीकृतिका लागि सिफारिस भई आएको बैजनाथ गाउँपालिका १, कोहलपुर, बाँके निवासी पुजन रेग्मीले पेश गरेको प्रतिक चिन्ह (लोगो) स्वीकृत गरि प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाले मिति २०८३।०१।०७ गते देखि १२ गते सम्म आयोजना गरेको दोस्रो गाउँपालिका अध्यक्षकप २०८३ भब्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम उत्कृष्ट कृषक, कर्मचारी, शिक्षक, विद्यार्थी सम्मान कार्यक्रम विहादी गाउँपालिकाको दोस्रो अध्यक्षकप २०८३ को समापन समारोहमा सञ्चालन गर्ने कार्यक्रम तय भएकोले विहादी गाउँ कार्यपालिकाको कार्यालयबाट छनौट भई आएका गाउँपालिका अन्तर्गतका उत्कृष्ठ कृषकहरु, कर्मचारीहरु, शिक्षकहरु र विद्यार्थीहरुलाई सम्मान प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । सम्मान गरिने कृषक, कर्मचारी, शिक्षक र विद्यार्थीहरुलाई देहाय बमोजिमको पुरस्कार रकम उपलब्ध गराउने निर्णय गरियो ।

देहाय :

| क्र.स. | शिर्षक | पुरस्कार रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सर्बोत्कृष्ट कर्मचारी | २००००/- | |
| २ | उत्कृष्ट कर्मचारी | १००००/- | |
| ३ | उत्कृष्ट कृषक | ५०००/- | |
| ४ | उत्कृष्ट शिक्षक | ५०००/- | |
| ५ | उत्कृष्ट विद्यार्थी | ५५००/- | |
| ६ | राष्ट्रपति रनिङ सिल्डमा पर्वत जिल्लामा १५०० मिटर दौड तर्फ २ स्वर्ण पदक तथा गण्डकी प्रदेशमा ३००० मिटर दौडमा दोस्रो स्थान प्राप्त गर्ने विद्यार्थी **सिम्रन थापा**, विहादी ५, उरामपोखरा | ५०००/- | |

**निर्णय नं ४ :** विहादी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा पर्यटन पूर्वाधार निर्माण शिर्षकमा विनियोजित बजेटबाट निर्माण भएका देहाय बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.स. | योजनाको नाम | विनियोजित रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | लुङरेङ देउराली मन्दिर, विहादी ५ | १०००००/- | |
| २ | दुर्गामाता मन्दिर मर्मत तथा संभार, विहादी ४ | १०००००/- | |

**निर्णय नं ५ :** भट्टराई कुलवंश प्रतिष्ठान, जिल्ला कार्यसमिति पर्वतको च नं ६९, मिति २०८२।१२।३० को पत्रानुसार विहादी गाउँपालिका स्थित श्री वहाकी माध्यमिक विद्यालयमा सञ्चालन हुने मुटु सम्बन्धी रोगको स्वास्थ्य परीक्षण शिविर सञ्चालनको लागि व्यवस्थापकीय खर्च वापतको रकम स्वास्थ्य शिविर सञ्चालन शिर्षकबाट रु १०००००/- अक्षेरुपी एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६ :** शालिग्राम माध्यमिक विद्यालयको च नं ५३, मिति २०८२।१२।२५ गतेको पत्रानुसार शालिग्राम माध्यमिक विद्यालयमा Pahar Trust Nepal, Pokhara सँगको साझेदारीमा निर्माण हुने ४ कोठे पक्की विद्यालय भवन निर्माणको लागि विहादी गाउँपालिकाको २० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** शिक्षा विकास तथा समन्वय इकाई, कुश्मा पर्वतको च नं ५१६, मिति २०८२।१२।०८ गतेको पत्रको आधारमा श्री वहाकी माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२।१२।११ गतेको निर्णयानुसार उक्त विद्यालयका माध्यमिक तहका शिक्षक श्री नविन कुमार क्षेत्रीलाई पूर्णकालिन प्रधानाध्यापक पदमा नियूक्त गरेकोले उक्त निर्णयलाई यस विहादी गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** विहादी गाउँपालिकाले चालु आ व २०८२।०८३ मा निर्माण गरेको लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण (GESI Audit) को काम सम्पन्न भई प्रतिवेदन प्राप्त भएकोले सम्झौता बमोजिमको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८३।०१।०३

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत